सुदूरपश्चिम प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली
नेपाल

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
प्रदेश कार्यक्रम सहयोग इकाई

पत्र संख्याः
चलानी नम्बरः
मितिः

## नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८२ असोज ३१)

यस कार्यालय अन्तर्गत संचालित प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस प्रदेशमा रहेका स्थानीय तहसंगको सहकार्यमा नवप्रवर्तनमा आधारित साझेदारी परियोजनाहरू संचालन गर्ने उद्देश्यले नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशन भएको मितिले ३० दिनभित्र (मितिः२०८२ कार्तिक ३० गते समय ४ बजे भित्र तथा बिदाको दिन परेको हकमा भोलिपल्ट) यस प्रदेशभित्रका स्थानीय तहले कार्यविधिको अनुसुची-२ बमोजिमको ढाँचामा अवधारणा पत्र तयार गरी आवश्यक कागजात सहित अनलाईन **(https://forms.gle/61G4PR3wWb7uzEWV6)** वा ईमेल **(ppsu.sudurpashchim@plgsp.gov.np)** मार्फत आवेदन पेश गर्नु हुन अनुरोध छ।

नोटः

१) एकल स्थानीय तहको परियोजनाको हकमा बजेटको न्यूनतम सिमा रू २५ लाख देखि अधिकतम १ करोड ५० लाख तथा दुई वा दुई भन्दा बढी स्थानीय तहको साँझेदारीमा गरिने संयुक्त परियोजनाको हकमा न्यूनतम रू ५० लाख देखि अधिकतम २ करोड ५० लाख सम्म रहने,

२) नवप्रवर्तन साझेदारी परियोजनाको लागि प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमबाट कार्यविधिको अधिनमा रहि अधिकतम रु ६० लाख रकम लागत साझेदारी हुने र बाँकी रकम सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने, निर्माण सम्बन्धी भौतिक पूर्वाधारहरु, प्रशासनिक खर्च, सवारी साधन खरिद तथा मर्मत, राहत वितरण तथा कन्टिन्जेंसी लगायत शिर्षकमा बजेट समावेश गर्न नपाइने,

३) नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ लगायत कार्यक्रमसंग सम्बन्धित विविध विषयमा यस कार्यालयबाट अनुशिक्षण गरिनेछ,

४) विगतमा नवप्रवर्तन साझेदारी कोष मार्फत परियोजना संचालन नभएका स्थानीय तहलाई यस आ.व.को प्रक्रियामा प्राथमिकता दिईनेछ ।

कार्यविधि तथा प्रक्रिया सम्बन्धमा थप जानकारी यस कार्यालयको वेबसाईट **https://ocmcm.sudurpashchim.gov.np** मार्फत प्राप्त गर्न सकिनेछ ।

अवधारणा पत्रको ढांचा

२०८२/६/२९
प्रदेश कार्यक्रम व्यवस्थापक
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम

थप जानकारिका लागिः
प्रदेश कार्यक्रम सहयोग इकाई
धनगढी, कैलाली
सम्पर्क व्यक्ति तथा सम्पर्क नम्बरः
श्री नरेन्द्र शाह, उपसचिव तथा प्रदेश कार्यक्रम व्यवस्थापक (९८४१०३३१४६)
श्री मदन बागचन, प्रदेश कार्यक्रम समन्वय विश्लेषक (९८५८०७५१००२)

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम

(PLGSP)

## कार्यक्रम समन्वय इकाई

प.सं. : २०८२/०८३

च.नं. : ६४

सिंहदरबार, काठमाडौं

मितिः ०९ आश्विन २०८२

ने.सं. ११४५, कौलाथ्व

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सबै प्रदेश।

**विषयः नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि- २०८२ सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमले परिलक्षित गरे बमोजिम नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता, उद्यमशीलता प्रवर्द्धन, सेवा प्रवाह, सुशासन र विद्युतीय सुशासन प्रवर्द्धन गर्दै स्थानीय आर्थिक विकास टेवा पुऱ्याउन प्रदेश तथा स्थानीय सरकारको सहलगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८२/०५/१८ को निर्णयानुसार स्वीकृत "नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२" यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

(तीर्थ प्रकाश पौडेल)
राष्ट्रिय कार्यक्रम व्यवस्थापक

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना तथा प्रविधि शाखा - *वेबसाईटमा अपलोड गरिदिनुहुन।*

श्री प्रदेश कार्यक्रम सहयोग इकाई (PPSU),
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP),
सबै प्रदेश।

# नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना** : प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमले परिलक्षित गरे बमोजिम नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता, उद्यमशीलता प्रवर्द्धन, सेवा प्रवाह, सुशासन र विद्युतीय सुशासन प्रवर्द्धन गर्दै स्थानीय आर्थिक विकास टेवा पुऱ्याउन प्रदेश तथा स्थानीय सरकारको सह-लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत कार्यक्रम दस्तावेजको परिच्छेद- ७ अन्तर्गत नतिजा खाका (Result Framework) उपलब्धि-२ मा रहेको नवप्रवर्तन साझेदारी कोषको बुँदा नं.८ बमोजिमको कार्यक्रम सञ्चालन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अवधारणा पत्र" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा पेश गरिने प्रस्तावलाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम समन्वय इकाई" भन्नाले कार्यक्रम दस्तावेजले परिच्छेद -११ अन्तर्गत सङ्घीय कार्यक्रम व्यवस्थापन र प्राविधिक सहयोग अन्तर्गतको कार्यक्रम इकाई सम्झनुपर्छ।

(ग) "आवेदक" भन्नाले यस कार्यविधि बमोजिम परियोजना प्रस्ताव पेश गर्ने स्थानीय तह सम्झनु पर्छ। सो शब्दले दुई वा सोभन्दा बढी स्थानीय तह मिली परियोजना प्रस्ताव पेश गर्ने आवेदक समेतलाई जनाउँछ।

(घ) "परियोजना" भन्नाले यो कार्यविधि बमोजिमको नवप्रवर्तन साझेदारी परियोजनालाई सम्झनुपर्छ।

(ङ) "कार्यक्रम दस्तावेज" भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको दस्तावेज सम्झनु पर्छ।

(च) "नवप्रवर्तन" भन्नाले नवीनतम सोच, ज्ञान, अवधारणा, प्रविधि लगायतको माध्यमबाट सिर्जनशील तवरले गरिने कार्यलाई सम्झनु पर्छ।यस शब्दले सार्वजनिक सुशासन, स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो दक्ष र प्रभावकारी बनाउन उपयोगमा ल्याइने नवीनतम प्रविधि, नयाँ ज्ञान, सीप, विधि तौरतरिका, अवधारणा, सिर्जनशील क्रियाकलापलाई समेत जनाउँछ।

(छ) "पूर्ण प्रस्ताव" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (६) बमोजिम अनुसूची-५बमोजिमको ढाँचामा पेश गरिने पूर्ण प्रस्तावलाई सम्झनु पर्छ।

(ज) "प्रदेश कार्यक्रम सहयोग इकाई"भन्नाले प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम दस्तावेजको बुँदा नं. ११ को तालिका नं १४ बमोजिमको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको इकाई सम्झनु पर्छ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

(झ) "प्रदेश निर्देशक समिति"भन्नाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम दस्तावेजमा उल्लिखित मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश निर्देशक समितिलाई सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ट) "लागत सहभागिता" भन्नाले यस कार्यविधि बमोजिम नवप्रर्वतन साझेदारी परियोजनामा प्रस्ताव पेश गर्ने आवेदकले व्यहोर्नु पर्ने कूल परियोजना लागतको दफा ११ बमोजिमको लागत सहभागितालाई सम्झनु पर्छ।

(ठ) "स्थानीय तह"भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्दछ।सो शब्दले महानगरपालिका तथा उपमहानगरपालिका समेतलाई जनाउँछ।

३. **परियोजनाको उद्देश्य:** नवप्रर्वतन साझेदारी परियोजनाको उद्देश्य देहाय बमोजिम हुने छन् :-

(क) स्थानीय तहमा सुशासन, सार्वजनिक सेवा प्रवाह र संस्थागत क्षमता विकासका क्षेत्रमा नवप्रवर्तन प्रवर्द्धन गर्नु,

(ख) नवप्रवर्तनका लागि संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य र सहलगानी प्रवर्द्धन गर्नु।

## परिच्छेद - २

## परियोजना प्रस्ताव आव्हान, छनौट तथा सम्झौता

४. **सूचना प्रकाशन र अवधारणापत्र छनौट:** (१) यस परियोजनामा आगामी आर्थिक बर्षदेखि परियोजना सञ्चालन गर्नको लागि सहभागी हुन ईच्छुक आवेदकलाई अवधारणा पत्र पेश गर्न प्रदेश कार्यक्रम सहयोग इकाई (PPSU) ले ३० दिनको समय दिइ प्रत्येक आर्थिक वर्षको मंसिर महिनाभित्र अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

**तर आर्थिक बर्ष २०८२/०८३ मा सञ्चालन हुने परियोजना**को लागि २०८२ असोज मशान्त भित्र सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इच्छुक आवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा अवधारणापत्र पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अवधारणापत्र पेश गर्दा अनुसूची-३ को नवप्रवर्तनका विषय क्षेत्र भित्र रही पेश गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम स्थानीय तहले संयुक्तरूपमा प्रस्ताव पेश गर्दा कुनै एक स्थानीय तहले मुख्य आवेदक भै आवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएका अवधारणापत्र दफा १४ बमोजिम गठित समितिले अनुसूची-४ मा उल्लिखित आधारमा मूल्याङ्कन गरी योग्य अवधारणापत्र छनौट गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम छनौट भएका अवधारणापत्र पेश गर्ने आवेदकसँग १५ दिनको समय दिई अनुसूची-५ बमोजिमको ढाँचामा परियोजनाको पूर्ण प्रस्ताव माग गर्नु पर्नेछ ।

(७) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम पर्याप्त आवेदन प्राप्त नभएमा प्रदेश छनौट तथा सिफारिस समितिको सिफारिसमा पुनः सात दिनको सूचना दिई थप प्रस्ताव माग गर्न सकिनेछ।

५. **परियोजनाको पूर्ण प्रस्तावको प्रस्तुतिकरण, मूल्याङ्कन, छनौट तथा सम्झौता:** (१) दफा (४) को उपदफा (५) बमोजिम अवधारणापत्र छनौट भएपछि, प्रदेश छनौट तथा सिफारिस समितिले छनौट भएका आवेदकसँग पूर्ण प्रस्ताव माग गर्नुपर्ने छ, आवेदकले प्रदेश सिफारिस तथा छनौट समिति समक्ष परियोजनाको पूर्ण प्रस्ताव पेश गरी प्रस्तुति गर्नु पर्नेछ ।

(२) प्रदेश छनौट तथा सिफारिस समितिले उपदफा (१) बमोजिम परियोजना पूर्ण प्रस्तावको प्रस्तुतीकरणका लागि सात दिनको समय दिई जानकारी गराउनेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुतिकरण समाप्त भएको मितिले १५ दिनभित्र अनुसूची- ६ मा उल्लिखित पूर्ण प्रस्ताव मूल्याङ्कनका आधार बमोजिम मूल्याङ्कन गरी छनौट भएका प्रस्ताव स्वीकृतिका लागि प्रदेश निर्देशक समितिमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश छनौट तथा सिफारिस समितिबाट स्वीकृतिका लागि पेश भएका परियोजना प्रस्ताव प्रदेश निर्देशक समितिले स्वीकृत गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेश निर्देशक समितिबाट परियोजना प्रस्ताव स्वीकृत भएको जानकारी प्रदेश कार्यक्रम सहयोग इकाईले आफ्नो वेबसाईट वा लिखितपत्र वा अन्य सञ्चार माध्यमबाट जानकारी गराउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम स्वीकृत भएका आवेदकसँग प्रदेश कार्यक्रम सहयोग इकाईले अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

## परिच्छेद-३

## अनुदान रकमको सीमा, बजेट निकासा तथा लेखा व्यवस्थापन

६. **अनुदान रकमको सीमा र अवधि:** (१) कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकमको अधिकतम सीमा एकल आवेदकको हकमा प्रति परियोजना एक करोड पचास लाख रुपैया र दुई वा दुई भन्दा बढी स्थानीय तह मिली प्रस्ताव गरिएको संयुक्त आवेदनको हकमा दुई करोड पचास लाख रुपैया हुनेछ। एकल आवेदकको हकमा परियोजनाको न्यूनतम लागत रू.२५ लाख भन्दा कम हुने छैन।

तर संयुक्त आवेदकका परियोजनाको कुल लागत पचास लाख रुपैया भन्दा कम हुने छैन।

(२) कार्यक्रमबाट सञ्चालन हुने परियोजनाको अधिकतम अवधि दुई आर्थिक वर्षको हुनेछ।

तर कार्यक्रमको अनुदानबाट सञ्चालन हुने परियोजना प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको अवधिभित्र सम्पन्न गरी सक्नुपर्नेछ।उक्त अवधिमा सम्पन्न नभएका परियोजनाहरु सम्बन्धित स्थानीय तहले सम्पन्न गर्नु पर्नेछ।

७. **बजेट निकासा:** (१) प्रदेश सरकारले यस कार्यविधि बमोजिम पूर्ण प्रस्ताव स्वीकृत भएका स्थानीय तहलाई बजेट निकासा गर्नेछ।

(२) परियोजना कार्यान्वयन गर्ने स्थानीय तहले आफूले व्यहोर्नु पर्ने लागत सहभागिताको रकम वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी समानुपातिक रूपमा खर्च गर्नु पर्नेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौं

८. **लेखाङ्कन तथा लेखापरीक्षण:** (१) परियोजनाको लेखाङ्कन नेपाल सरकारको प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(२) परियोजनाको प्रतिवेदन नेपाल सरकारको प्रचलित कानून र प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको दस्तावेजले निर्धारण गरे बमोजिम तयार गरी प्रदेशमा पेश गर्नु पर्नेछ।

(३) योजनाको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

९. **खरिद व्यवस्थापन :** परियोजनाको खरिद सम्बन्धी प्रक्रिया नेपाल सरकारको प्रचलित खरिद कानून बमोजिम हुनेछ ।

१०. **खर्च गर्न नपाईने क्षेत्रहरु :** (१) यस परियोजनाको अनुदान रकम देहायका क्षेत्रहरुमा खर्च गर्न पाईने छैन :-

(क) यस परियोजनामा निर्माण सम्बन्धी भौतिक पूर्वाधारहरु जस्तै: सडक, पुल, सिचाई पूर्वाधार, जलविद्युत, भ्यू टावर, स्वागतद्वार, कार्यालय भवन, मनोरञ्जन हल, खानेपानी शुद्धीकरणको पूर्वाधारका क्षेत्र,

तर नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक भौतिक पूर्वाधार निर्माणमा स्थानीय तहको लागत सहभागिताको हिस्साबाट दायित्व व्यहोर्ने गरी खर्च गर्न वाधा पुग्ने छैन ।

(ख) परियोजना सञ्चालनको लागि नियमित प्रशासनिक खर्च,

(ग) कुनै पनि प्रकारका सवारी साधन खरिद तथा मर्मत,

(घ) नियमित राहत वितरण सम्बन्धी कार्यक्रम,

(ङ) कन्टिन्जेन्सी खर्च ।

११. **लागत सहभागिता:** परियोजनामा स्थानीय तहले व्यहोर्नु पर्ने लागत सहभागिता देहाय बमोजिम हुनेछः-

(क) वार्षिक रू. २५ लाखभन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कुल लागतको कम्तीमा २५ प्रतिशत रकम,

(ख) वार्षिक रू. २५ लाखभन्दा माथि आन्तरिक आय भएका स्थानीय तहहरुले परियोजनाको कुल लागतको कम्तीमा ३० प्रतिशत रकम,

(ग) महानगर तथा उप-महानगरपालिकाले परियोजनाको कुल लागतको कम्तिमा ३५ प्रतिशत रकम,

(घ) वार्षिक रू. २५ लाख भन्दा कम आन्तरिक आय भएका स्थानीय तहले वार्षिक रू. २५ लाख वा सो भन्दा बढी आन्तरिक आय भएका स्थानीय तहसँग लागत साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा परियोजनाको कुल लागतको कम्तिमा ३५ प्रतिशत रकम ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

## परिच्छेद-४

## परियोजना सञ्चालन तथा समन्वयको संस्थागत व्यवस्था

१२. **प्रदेश निर्देशक समिति :-** (१) दफा ५ बमोजिम प्रदेश अन्तर्गतका स्थानीय तहमा सञ्चालन हुने परियोजनाको समन्वय एवम् मार्गनिर्देशन प्रदेश निर्देशक समितिबाट हुनेछ।

१३. **प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** (१) **प्रदेश निर्देशक** समितिको काम, कर्तव्य र अधिकार कार्यक्रमको स्वीकृत दस्तावेजमा उल्लेख भएको अतिरिक्त देहाय बमोजिम हुनेछ:-

(क) परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि नीतिगत पृष्ठपोषण प्रदान गर्ने,

(ख) परियोजनाको प्रभावकारिताका लागि प्रदेश तथा स्थानीय तहमा रणनीतिक मार्गदर्शन प्रदान गर्ने,

(ग) परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालय र स्थानीय तह बीच समन्वय र सहकार्य गर्ने,

(घ) अवधारणापत्र वा पूर्ण प्रस्तावको मुल्याङ्कनको क्रममा कुनै अस्पष्टता भएमा प्रचलित कानून वा यस कार्यविधिको विपरित नहुने गरी कार्यविधिगत स्पष्टता प्रदान गर्ने ,

(ङ) प्रदेश छनौट तथा सिफारिस समितिबाट छनौट भई सिफारिस गरिएका परियोजनाको प्रस्ताव स्वीकृत गर्ने,

(च) परियोजना सञ्चालनको लागि आवश्यकतानुसार अन्य कार्य गर्ने।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

१४. **प्रदेश छनौट तथा सिफारिस समिति :** (१) दफा ४ को उपदफा (२) र (६) बमोजिम पेश भएका प्रदेशभित्रका स्थानीय तहहरूमा सञ्चालन हुने परियोजनाको छनौट तथा सिफारिस गर्न एवम आवश्यक समन्वयका लागि देहाय बमोजिम एक प्रदेश छनौट तथा सिफारिस समिति रहने छ:

(क) प्रदेश कार्यक्रम निर्देशक, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) उपसचिव, प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(ग) उपसचिव, प्रदेशको उद्योग प्रशासन हेर्ने मन्त्रालय - सदस्य

(घ) उपसचिव, प्रदेश कार्यक्रम निर्देशकले तोकेको प्रदेश सरकारको सम्बन्धित मन्त्रालय - सदस्य

(ङ) प्रदेश कार्यक्रम व्यवस्थापक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

(२) प्रदेश छनौट तथा सिफारिस समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) परियोजना प्रस्ताव सम्बन्धी प्राविधिक तथा प्रशासनिक कार्यहरु गर्ने।

(ख) प्रस्ताव आव्हान गर्ने वा पर्याप्त आवेदन नपरेमा पुनः सूचना प्रकाशन गर्न प्रमुख सचिव समक्ष सिफारिस गर्ने।

(ग) परियोजनाको अवधारणापत्रको मूल्याङ्कन गरी छनौट गर्ने ,

(घ) आवेदकबाट प्राप्त परियोजनाको पूर्ण प्रस्तावको मूल्याङ्कन गर्ने,

(ङ) मूल्याङ्कन भएका परियोजनाको पूर्ण प्रस्तावको छनौट गरी स्वीकृतिका लागि प्रदेश परियोजना निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(च) प्रस्ताव मूल्याङ्कनसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौं

(३) प्रदेश छनौट तथा सिफारिस समितिले आवश्यकता अनुसार समितिको बैठकमा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१५. **कार्यक्रम समन्वय इकाईको भूमिका:** परियोजना सञ्चालन सम्बन्धमा कार्यक्रम समन्वय इकाईको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) परियोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ख) परियोजना छनौट सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(ग) परियोजना कार्यान्वयनमा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने।

१६. **प्रदेश कार्यक्रम सहयोग इकाई:-** परियोजना सञ्चालन सम्बन्धमा प्रदेश कार्यक्रम सहयोग इकाईको भूमिका देहाय बमोजिम हुनेछ:

(क) **प्रदेश निर्देशक समिति** र प्रदेश छनौट तथा सिफारिस समितिको सचिवालयको रूपमा काम गर्ने,

(ख) परियोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ग) **प्रदेश निर्देशक समिति** र प्रदेश छनौट तथा सिफारिस समितिले तोके बमोजिमका कार्य गर्ने,

(घ) सम्बन्धित स्थानीय तहलाई बजेट निकासा दिने।

१७. **स्थानीय तह:** परियोजना सञ्चालन गर्ने स्थानीय तहको काम, कर्तव्य, जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) परियोजना कार्यान्वयनको लागि एकजना अधिकृतलाई सम्पर्क व्यक्तिको रूपमा तोक्ने,

(ख) कार्यपालिका बैठकबाट निर्णय गराई बजेट सुनिश्चितताको प्रतिवद्धता सहित आवेदन पेश गर्नुपर्ने,

(ग) परियोजना लागि आवश्यक पर्ने लागत साझेदारी रकम वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने,

(घ) प्रचलित कानून बमोजिम निर्धारित समयभित्रै परियोजनाको वित्तीय तथा भौतिक प्रगति तथा समीक्षा प्रतिवेदनहरू सम्बन्धित निकायमा पठाउने,

(ङ) परियोजनाको नियमित रूपमा अनुगमन तथा निरीक्षण गरी त्रैमासिक प्रतिवेदनहरू सम्बन्धित निकायमा पठाउने।

(च) परियोजना कार्यान्वयनको लागि जिम्मेवारी तोक्ने,

(छ) साझेदारीमा सञ्चालन हुने परियोजनामा साझेदार स्थानीय तहको लागत सहभागिताको सुनिश्चितता गर्ने,

(ज) परियोजनाको कार्यान्वयनको चरणमा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने,

(झ) यस कार्यविधिमा उल्लिखित अन्य कार्यहरू गर्ने,

## परिच्छेद-५

## परियोजनाका लागि नवप्रवर्तनका क्षेत्रहरु

१८. **नवप्रवर्तनका क्षेत्रहरु:** (१) यस परियोजना सञ्चालन गर्न नवप्रवर्तनका क्षेत्रहरु अनुसुची -३ बमोजिम हुनेछन्:-

(२) स्थानीय तहहरुले उपदफा (१) बमोजिमका विषयक्षेत्रमा आधारित रही नवप्रवर्तनसँग सम्बन्धित परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

## परिच्छेद-६
## अनुगमन तथा मूल्याङ्कन

१९. **अनुगमन तथा मूल्याङ्कनः-** (१) स्थानीय तहमा रहेको अनुगमन गर्ने समितिले परियोजनाको नियमित अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) राष्ट्रिय निर्देशक समिति, प्रदेश निर्देशक समिति, प्रदेश प्राविधिक सहायता समिति तथा कार्यक्रम समन्वय इकाइले आवश्यकता अनुसार परियोजनाको अनुगमन गर्न सक्नेछन् ।

(३) मन्त्रालय तथा विकास साझेदारहरुले परियोजनाको संयुक्त वा छुट्टाछुट्टैरुपमा अनुगमन गर्न सक्नेछ।

(४) उपदफा(१), (२) र (३) बमोजिम गरिएको अनुगमनको प्रतिवेदन अनुसूची-८ बमोजिमको ढाँचामा कार्यक्रम समन्वय इकाईमा पेश गर्नुपर्नेछ ।

(५) मन्त्रालय तथा दातृ निकायले कार्यक्रम दस्तावेज बमोजिम कार्यक्रमको स्वतन्त्र परीक्षण तथा गुणस्तर सुनिश्चितता सम्बन्धी कार्य गर्न सक्नेछ ।

(६) प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमबाट सञ्चालन हुने परियोजनाको तेस्रो पक्षबाट समेत अनुगमन गर्न सकिनेछ।

२०. **वित्तीय अनुशासनको सुनिश्चितताः** (१) परियोजना सम्पन्न भएपछि परियोजना स्थलमा स्थलगत सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(२) परियोजना सम्पन्न भएपछि अनुगमन गरी यसको फरफारक गर्नुपर्नेछ ।

तर निर्माणकार्यसँग सम्बन्धित परियोजनाको हकमा प्राविधिक जाँचपास समेत गर्नु पर्नेछ ।

(३) परियोजना कार्यान्वयन भएपछि दिगो उपयोगका लागि मर्मत सम्भार लगायतको व्यवस्था सम्बन्धित परियोजना कार्यान्वयन गर्ने स्थानीय तहले गर्नु पर्नेछ।

## परिच्छेद -७
## विविध

२१. **प्रचलित कानून बमोजिम हुने :** (१) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुनेछ।

(२) यस कार्यविधिको व्यवस्था अन्य नेपाल कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा भएको व्यवस्था लागू हनेछ।

२२. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२३. **बचाउः** नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम भएका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

**अनुसुची -१**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>सार्वजनिक सूचनाको ढाँचा</u>**

..............प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रदेश कार्यक्रम सहयोग इकाई)

मिति: ..........................

**<u>नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना</u>**

यस कार्यालयबाट आ. व.......मा नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र (मिति:..........., समय .........बजे भित्र) यस प्रदेश भित्रका स्थानीय तहले कार्यविधिको अनुसुची-२ बमोजिमको ढाँचामा अवधारणा पत्र तयार गरी आवश्यक कागजात सहित आवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ।

यस सम्बन्धी थप जानकारीको आवश्यक भएमा यस कार्यालयको वेबसाईट www...., मार्फत प्राप्त गर्न सकिनेछ।

प्रदेश कार्यक्रम व्यवस्थापक

.....प्रदेश

**थप जानकारीका लागि:**

सम्पर्क व्यक्तिको नाम:

सम्पर्क नम्बर :

## अनुसूची -२

**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>अवधारणा पत्रको ढाँचा</u>**

<table>
<tr><td colspan="4">परियोजना सम्बन्धी जानकारी</td></tr>
<tr><td colspan="2">स्थानीय तहको नाम र ठेगाना र जिल्ला, प्रदेश समेत खुलाउनेः</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">परियोजनाको नामः</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">परियोजना रहने स्थान</td><td colspan="2">प्रदेशः<br>जिल्लाः<br>स्थानीय तहः<br>वडाः</td></tr>
<tr><td colspan="2">आवेदकको सम्पर्क:</td><td colspan="2">इमेलः<br>फोन नं.:</td></tr>
<tr><td colspan="2">प्रस्तावको किसिमः</td><td colspan="2">[ ] एकल<br>[ ] संयुक्त</td></tr>
<tr><td colspan="4">दुई वा दुई भन्दा बढी स्थानीय तह मिली संयुक्त प्रस्ताव पेश गरेको भए मुख्य आवेदक र साझेदार आवेदकको विवरण(दुई भन्दा बढी साझेदार आवेदक भएमा उल्लेखित ढाँचामा छुट्टै पानामा विवरण पेश गर्ने):</td></tr>
<tr><td>मुख्य आवेदक<br>(स्थानीय तह)</td><td>नाम:<br>ठेगाना:<br>इमेल:<br>फोन नं.:</td><td>साझेदार आवेदक:<br>(स्थानीय तह)</td><td>नाम:<br>ठेगाना:<br>इमेल:<br>फोन नं.:</td></tr>
<tr><td colspan="4">परियोजनाको अवधारणाः</td></tr>
<tr><td colspan="4">पृष्ठभूमि:</td></tr>
</table>

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

| | |
|---|---|
| | |
| **उद्देश्य:** | |
| **परियोजनाको विषय (कार्यविधिको अनुसूची-३ मा उल्लेखित विषयक्षेत्र मध्ये कुन विषयक्षेत्रसँग सम्बन्धित हो उल्लेख गर्ने):** | |
| **परियोजनाको अवधारणापत्र तयार गर्न अपनाइएका चरणहरू:** | |
| **परियोजनाको संक्षिप्त कार्यान्वयन योजना:** | |
| **परियोजनाको अवधि:** | |
| मिति देखि:<br>.........गते/........महिना/.........साल | मिति सम्मः<br>.........गते/........महिना/.........साल |

| | रकम | प्रतिशत |
|---|---|---|
| **कूल लागत:** | | |
| कार्यक्रमबाट उपलब्ध हुने रकम: | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

| | | |
|---|---|---|
| आवेदकको लागत सहभागिताको रकम: | | |
| आवेदकले लागत सहभागिता रकम मध्ये साझेदार संस्थाबाट व्यहोर्ने रकम (साझेदार भएमा मात्र उल्लेख गर्ने): | | |

**परियोजनाको अपेक्षित नतिजा:**

अपेक्षित प्रतिफल, उपलब्धि र प्रभाव उल्लेख गर्नेः (Output,outcome,Impact)

अनुमानित लाभग्राहीको संङ्ख्या र विवरण:

| महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|
| | | | |

| दलित | मुस्लिम | मधेसी | आदिवासी/जनजाति | ब्राह्मण/क्षेत्री | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**परियोजना नवप्रवर्तनकारी भएको पुष्ट्याई (कम्तिमा ३५० शब्द):**

**परियोजनाले प्रस्तावनामा उल्लेख भए अनुसार कुन क्षेत्रमा सहयोग गर्ने हो सो सम्बन्धी विवरण:**

**प्रस्तावित परियोजनाले लैङ्गिक समानता, सामाजिक समावेशीकरणलाई समावेश गर्ने क्षेत्र:**

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

| |
|---|
| |
| प्रस्तावित परियोजनामा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको कुन सुचकमा प्रत्यक्ष सहयोग पुऱ्याउने हो सो को विवरण(आ.व. 0८2/83 को हकमा स्थानीय तह संस्थागत स्व-मुल्याङ्कनलाई आधार मान्ने): |
| प्रस्तावित परियोजनाले दिगो विकासको राष्ट्रिय  लक्ष्यको कुन लक्ष्यमा प्रत्यक्ष योगदान गर्ने हो सो को पुष्ट्याई: |
| **परियोजना अन्य स्थानीय तहमा विस्तार गर्न सकिने सम्भावना:** |
| **परियोजनाको कार्यान्वयन** |
| **कार्यान्वयन योजनाको खाका:** |
| **परियोजना कार्यान्वयनका सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरू:** |
| **परियोजना कार्यान्वयन भएपछि दिगो उपयोगका लागि मर्मत संभारको योजना:** |
| **परियोजना कार्यान्वयनको प्राविधिक व्यवस्थापन (आवश्यक प्राविधिक र तिनको उपलव्धता):** |
| |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

**परियोजनाको बजेट बाँडफाट:**

**परियोजना सम्बन्धमा कार्यपालिका बैठकको निर्णय र मिति:**

**परियोजनाको लागत सहभागिता सम्बन्धमा कार्यपालिका बैठकको निर्णय र मिति (बैठकको निर्णयको प्रतिलिपी समावेश गर्नुपर्ने):**

**परियोजनाको अनुगमन तथा मूल्याङ्कन:**

**परियोजनाको क्रियाकलाप र खर्च हुने क्षेत्रको विवरण:**

| सि.नं. | विवरण | इकाई | लागत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| कूल जम्मा | | | | | |

नोटः आ.व. 2082/83 को मूल्याङ्कनमा 2081/082 को LISA को मूल्याङ्कनलाई आधार मान्नु पर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

**अनुसूची- ३**
**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित विषय क्षेत्र)**
नवप्रवर्तनका विषयक्षेत्र

- स्थानीय वित्त व्यवस्थापन र वित्तीय अनुशासन (Fiscal Management and Fiscal Governance)
- स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सँग सम्बन्धित सूचकको आधारमा आफ्नो कार्यसम्पादनको मूल्याङ्कन र सुधार गर्ने क्षेत्र,
- सूचना प्रविधि वा डिजिटल प्रविधिमा आधारित स्थानीय सेवा प्रवाह
- विद्युतीय सुशासन (e-governance) र प्रविधिमैत्री सरकार (GovTech), डिजिटल नागरिक पृष्ठपोषण प्लेटफर्म (Digital Citizen Feedback Platforms)
- ज्ञान, सूचना र डाटावेस व्यवस्थापन ( knowledge र Database management)
- सामाजिक उत्तरदायित्व, नागरिक सहभागिता र प्रवर्द्धन गर्ने औजारहरू (Civic Engagement and Participatory Planning Tools)
- युवा नेतृत्व विकासका क्षेत्र,
- प्रविधिमा आधारित शिक्षा, स्वास्थ्य, खानेपानी, नवीकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन
- विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्रणाली (Disaster Response and Management System)
- लैङ्गिक मैत्री सार्वजनिक सेवा प्रवाह (Gender Responsive Public Service Design)
- उद्यमशीलता विकास, व्यवसाय सम्वर्द्धन केन्द्र(Business incubation centre)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

अनुसूची- ४

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित

**अवधारणा पत्र मूल्याङ्कनका आधारहरू**

**क) अनिवार्य पुरा गर्नु पर्ने मूल्याङ्कनका आधारहरु**

| क्र. सं. | मूल्याङ्कनका आधारहरु | छ | छैन | पुष्ट्याईका आधार |
|---|---|---|---|---|
| १ | परियोजना सञ्चालन गर्ने सम्बन्धी कार्यपालिकाको बैठकको निर्णय | | | कार्यपालिकाको निर्णय पेश गर्नुपर्ने । |
| 2 | चालु आ.व. को बजेट तथा कार्यक्रमलाई गत आ.व. को असार १० गते भित्र पेश गरी असार मसान्तभित्र पारित गरिएको | | | नगर/गाउँ सभाको निर्णय प्रतिलिपि पेश गर्नुपर्ने। |
| 3 | प्रस्तावको लागत र स्थानीय तहको लागत सहभागिता कार्यविधिले निर्धारण गरे बमोजिम भएको | | | स्थानीय तहको लागत सहभागिताको अंश खुलाउने। |
| 4 | कार्यविधिमा भएको बमोजिमको क्षेत्रमा मात्र खर्च गर्ने | | | कार्यविधि उल्लेख भएका परियोजनामा मात्र खर्च गर्ने । |

**ख) मूल्याङ्कनका आधारहरु**

| | मूल्याङ्कनका आधारहरु | छ | छैन | अंक | पुष्ट्याईका आधार |
|---|---|---|---|---|---|
| १ | परियोजना नवप्रवर्तनकारी भएको | | | २० | परियोजनामा नविनता वा मौलिकता वा अनुकरणयोग्य वा आधुनिक प्रविधिको प्रयोग वा सबै विषयहरु समावेश भएको |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (LG PAS) प्रणालीको मूल्याङ्कनमा ४० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको | | | १० | मूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्विकृत भएको निर्णयसहित अनलाईन पोर्टलमा सार्वजनिक गरेको हुनुपर्नेछ। आ.व. 082/83 का लागि संस्थागत स्वमूल्याङ्कनमा (LISA) लाई आधार मान्नु पर्ने। LGPAS को अन्तिम नतिजाको अंकका आधारमा बढी अंकका लागि बढी अंक पाउने गरी मूल्याङ्कन हुने। |
| ३ | स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट कोडिङ हुने गरेको। | | | ५ | जम्मा बजेटमा लैंगिक उत्तरदायी बजेट तीन वर्गमा कोडिङ हुने गरेको। |
| ४ | दिगो विकासका राष्ट्रिय लक्ष्यको सूचकलाई प्रत्यक्ष रुपमा सहयोग गर्ने गरी पेश गरेको | | | ५ | कुन सूचकलाई प्रत्यक्ष सहयोग पुऱ्याउने हो स्पष्ट खुलाउने। |
| ५ | गत आ.व भन्दा अघिल्लो आ.व को लेखा परिक्षण भएको हुनुपर्ने र उल्लिखित आ.ब.को लेखापरिक्षणको कुल बेरुजु ३% भन्दा बढी नभएको। | | | ५ | लेखा परिक्षणको प्रतिवेदन पेश गर्नु पर्ने। |
| ६ | परियोजना कार्यान्वयन भएपछि दिगो उपयोगका लागि मर्मत संभारको योजना उल्लेख भएको | | | ५ | दिगो उपयोगको लागि मर्मत संभारको योजना पेश भएको |
| | जम्मा | | | ५० | |

नोटः पूर्ण प्रस्तावको लागि ग्राह्य हुनको निमित्त यस मूल्याङ्कनमा कम्तीमा ४० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

अनुसूची- ५

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

**<u>पूर्ण प्रस्तावको ढाँचा</u>**

## १. परियोजनाको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| १.१ | आवेदकको (नाम, ठेगाना, ई-मेल/फोन नं. र सम्पर्क व्यक्तिको नाम र टेलिफोन) | |
| १.२ | संयुक्त प्रस्ताव भएमा (साझेदारहरुको नाम, ठेगाना, ई-मेल/फोन नं. र सम्पर्क व्यक्तिको नाम र टेलिफोन) | |
| १.३ | प्रस्ताव पेश गरिएको मिति: | |
| १.4 | परियोजनाको नाम (Project Name) | |
| १.5 | परियोजनाको पृष्ठभूमि/परिचय (Project Background) | |
| १.६ | परियोजना कार्यान्वयन गर्ने निकाय (Implementing Agencies) र कार्यान्वयन कार्ययोजना | |
| १.७ | परियोजनाको कूल बजेट | |
| १.८ | परियोजना कार्यान्वयन हुने स्थान (Project Location) | |
| १.९ | परियोजनाको मुख्य उद्देश्य (Project Objectives) | |
| १.१० | परियोजनाको औचित्य (Project Rationale) | |
| 1.११ | स्थानीय तहबाट परियोजनाको छनौट गर्दा अपनाइएको प्रकृया (Project Selection Process) | |
| 1.१२ | परियोजनाको स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली कुन नतिजासँग सम्बन्धित हो सो विषय उल्लेख गर्ने | |
| 2 | परियोजनाको नवप्रवर्तन पक्ष:- | |
| 2.1 | नयाँ सोचलाई उजागर गर्ने | |
| 2.2 | मौलिक स्थानीय ज्ञान, सीप र स्रोतसाधनमा आधारित मौलिक प्रविधी वा प्रद्दतिको प्रयोग भएको | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| 2.3 | परियोजनाको अनुकरण गर्न सकिने संभावना (Possibility of Project Replicability) | |
| 2.4 | कुनै आधुनिक प्रविधी वा उपकरणको प्रयोग भएको परियोजना | |
| 2.5 | परियोजना प्राविधिक रुपमा व्यवहारिक र परियोजना संचालन पश्चात दिगो व्यवस्थापनका लागि स्पष्ट र विस्तृत योजना | |
| 3 | लक्षित वर्गको शसक्तिकरणका लागि परियोजनाले प्रत्यक्ष रुपमा पुऱ्याउने योगदान (महिला, दलित, आदिवासी/जनजाती, अपाङ्गता भएका र अन्य लक्षित वर्गलाई प्रत्यक्ष रुपमा योगदान पुऱ्याउने प्रतिशत उल्लेख गर्ने | |
| 4 | स्थानीय तहको वजेट तथा कार्यक्रममा लैगिक उत्तरदायी बजेट विनियोजनको अंश | |
| 5 | संस्थागत स्वमूल्याङ्कन वा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा प्राप्त गरेको अंक | |
| 6 | आन्तरिक राजश्वको श्रोतको अवस्था (आन्तरिक श्रोत र राजश्व बाँडफाँड) र आन्तरिक राजश्व तथा प्रशासनिक खर्च अनुपात भएको प्रतिशत | |
| 7 | बेरुजुको अवस्था (गत आ.व. भन्दा अघिल्लो आ.व.को अवस्था) | |
| 8 | परियोजना अवधिभर रोजगारी सृजना हुने संख्याः | |
| 9 | परियोजनाको अपेक्षित प्रतिफलः (Project Outputs) | |
| 10 | परियोजनाको अपेक्षित उपलब्धिः (Project Outcomes) | |
| 11 | परियोजनाको अपेक्षित प्रभावः (Project Impact) | |
| 12 | परियोजनाका लाभग्राहीः (Project Beneficiaries) | |
| 13 | परियोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रः (Monitoring and Evaluation Mechanism) | |

**14. अन्य विवरणः** परियोजनाको बजेट खर्चको बाँडफाँटः

| |
|---|
| 14.1 जनशक्तिको खर्च (Expenditures on Human Resources) |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
|---|---|---|---|
| जनशक्ति | सङ्ख्या | | |
| | | | |
| | | | |
| 14.2 उपकरणको खर्च (Expenditures on Equipment) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| | | | |
| | | | |
| | | | |
| 14.3 निर्माण खर्च (Construction Cost) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| | | | |
| | | | |
| | | | |
| 14.4 तालिम खर्च (Training Cost) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| | | | |
| | | | |
| 14.5 परामर्श खर्च (Consultancy Cost) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| | | | |
| | | | |
| 14.6 अनुगमन खर्च (Monitoring Cost) | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
|---|---|---|---|
| | | | |
| | | | |

14.७ अन्य खर्च भए उल्लेख गर्ने

| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
|---|---|---|---|
| | | | |
| | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

१५. परियोजनाको कार्यान्वयन तालिका (Project Implementation Schedule)

| क्रियाकलाप (Activities) | समय Time | जिम्मेवारी Responsibility | प्रतिफल (Output) |
|---|---|---|---|
| अवधारणा पत्र तयार पार्ने (Prepare Concept Paper) | | | अवधारणा पत्र (Concept paper) |
| लागत अनुमान तयार पार्ने (Prepare Cost Estimate) | | | लागत अनुमान (Cost Estimate) |
| परामर्श सेवा भए कार्य शर्त र RFP तयार गर्ने (Prepare RFP for Consulting Service) | | | कार्यशर्त विवरण र प्रस्ताव आव्हान (TOR and RFP) |
| तालिम कार्य भए तालिम योजना तयार पार्ने (Prepare Training Plan) | | | तालिम योजना (Training Plan) |
| उपकरण खरिद भए स्पेसिफिकेशन सहित बिड डकुमेन्ट तयार गर्ने (Prepare Bid Document with Specification for Equipment Purchase) | | | स्पेसिफिकेशन सहित बिड डकुमेन्ट |
| निर्माण कार्य भए स्पेसिफिकेसन सहित आवश्यक कागजात तयार गर्ने (Prepare Drawing, design, Bid Document with Specification) | | | स्पेसिफिकेसन सहित बिड डकुमेन्ट, रेखाङ्कन र नक्सा (Bid document with specification, drawing and design) |
| सूचना वा प्रस्ताव आव्हान (Call for Proposal Submission) | | | पत्रिका वा वेबसाईटमा प्रस्ताव आव्हानको प्रकाशन (Call Published in newspaper paper or website) |
| प्रस्तावको मूल्याङ्कन (Proposal Evaluation) | | | मूल्याङ्कन नतिजा (Evaluation Result) |
| सम्झौता समय (Date for Agreement) | | | सम्झौता (Agreement) |
| कार्यान्वयन सम्पन्न (Implementation Completion) | | | कार्यान्वयन सम्पन्न हुने समय (Implementation Completion time) |
| जाँचपास (Technical Evaluation) | | | प्राविधिक जाँचपास सम्पन्न (Technical Examination Completion) |

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाण्डौ

| | | | |
|---|---|---|---|
| सार्वजनिक परीक्षण (Public Audit) | | | सार्वजनिक परीक्षण सम्पन्न (Public Audit Completion) |
| फरफारक (Project Clearance) | | | फरफारक तथा परियोजना हस्तान्तण (Clearance) |

**१६. परियोजनाको अनुगमन तथा मूल्याङ्कन तालिका (Monitoring and Evaluation Schedule of the Project)**

| विवरण | समय तालिका (Time Line) | Unit पटक | अनुगमनमा संलग्न जनशक्ति (Human Resources for Monitoring) | |
|---|---|---|---|---|
| | | | विवरण (Description) | संख्या (Number) |
| सम्भाव्यताको लागि स्थलगत भ्रमण (Field Visit for Feasibility Study) | | | | |
| लागत अनुमान तयार पार्न स्थलगत अनुगमन (Field Visit for Cost Esitmation) | | | | |
| ज्ञान व्यवस्थापन तथा प्रचार प्रसार<br>प्रगति समीक्षा (Progress Review) | | | | |
| जाँचपासको लागि भ्रमण (Field Visit for Technical Evalution) | | | | |
| सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणको भ्रमण | | | | |
| परियोजना हस्तान्तरणमा भ्रमण (Field Visit for Project Hand-over) | | | | |
| सार्वजनिक सुनुवाई गर्ने (Public Hearing) | | | | |

१७. परियोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम (Potential Risks) | जोखिमबाट आउन सक्ने परिणाम (Consequences) | जोखिम न्यूनीकरणको रणनीति (Risks Reduction Strategy) |
|---|---|---|
| | | |
| | | |

१८. परियोजनाको दिगोपना:

- परियोजनाको अवधि पश्चात यसको निरन्तरता सम्बन्धी रणनीति उल्लेख गर्नु पर्नेछ,
- परियोजनामा लाभग्राहीहरुलाई लाभको वितरणको रणनीति उल्लेख गर्ने,
- परियोजना सम्पन्न भए पश्चात मर्मत संभार/दिगोपनाको लागि कसरी व्यवस्थापन गर्ने विषय,
- परियोजना व्यवस्थापन सम्बन्धी व्यवस्था,
- परियोजना निर्माण सम्पन्न पश्चात सञ्चालनमा आउने समय र यसको लागि गरिने कृयाकलाप वा कार्यहरु उल्लेख गर्ने .

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

## अनुसूची -६

## (दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## पूर्ण प्रस्ताव मूल्याङ्कनका आधारहरू

| क्र.सं. | विषयक्षेत्र | मूल्याङ्कन | अंकभार | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | **नवप्रवर्तन प्रयास** | | | | | |
| 1 | **नवीनता** | •यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** नवीनताका ३ वटै विषय समावेश भएको। | ५ | ५ | | |
| | | •यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** नवीनताका ३ वटा आधार मध्ये कुनै २ वटा विषय समावेश भएको। | 3 | | | |
| | | •यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** नवीनताका ३ वटा आधार मध्ये कुनै १ वटा विषय समावेश भएको। | २ | | | |
| | | •यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** नवीनताका ३ वटा आधार मध्ये कुनै पनि विषय समावेश नभएको। | ० | | | |
| 2 | **मौलिकता** | •यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** मौलिकताका ४ वटा आधार मध्ये सबै वटा विषय समावेश भएको। | ५ | ५ | | |
| | | •यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** मौलिकताका ४ वटा आधार मध्ये कुनै २ वटा विषय समावेश भएको। | २ | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

| क्र.सं. | विषयक्षेत्र | मूल्याङ्कन | अंकभार | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | नवप्रवर्तन प्रयास | | | | | |
| | | • यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** मौलिकताका ४ वटा आधार मध्ये कुनै १ वटा विषय समावेश भएको। | १ | | | |
| | | • यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** नवीनताका ४ वटा आधार मध्ये कुनै पनि विषय समावेश नभएको। | ० | | | |
| 3 | **अनुकरण योग्य** | • यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** अनुकरणयोग्य का ३ वटै विषय समावेश भएको। | ५ | ५ | | |
| | | • यसै साथ संलग्न **नवप्रवर्तनका आधार मध्ये** अनुकरणयोग्य का २ वटा विषय समावेश भएको। | २ | | | |
| | | • यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** अनुकरणयोग्य का कुनै १ वटा विषय समावेश भएको। | १ | | | |
| | | • यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** नवीनताका ३ वटा आधार मध्ये कुनै पनि विषय समावेश नभएको। | ० | | | |
| 4 | **प्रविधिको प्रयोग** | • यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** प्रविधिको प्रयोगका ४ वटै विषय समावेश भएको। | ५ | ५ | | |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौं

१

| क्र.सं. | विषयक्षेत्र | मूल्याङ्कन | अंकभार | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | नवप्रवर्तन प्रयास | | | | | |
| | | ●यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** प्रविधिको प्रयोगका २ वटा विषय समावेश भएको । | २ | | | |
| | | ●यसै साथ संलग्न **नवप्रवर्तनका आधारमध्ये** प्रविधिको प्रयोगका ४ वटा आधार मध्ये कुनै पनि विषय समावेश नभएको । | 0 | | | |
| **5** | **परियोजनाको दिगोपना** | प्रस्ताव प्राविधिक रूपमा व्यवहारिक छ र परियोजना सञ्चालन पश्चात दिगो व्यवस्थापनको लागि स्पष्ट र विस्तृत योजना छ। | ५ | ५ | | प्रस्तावि परियोजना परियोजना अवधि समाप्त भएपछि स्थानीय तहको आफ्नै श्रोतमा दीर्घकालीन रूपमा सञ्चालन हुन सक्दछ? के प्रस्तावमा दिगोपनाको लागि स्पष्ट योजना समावेश छ? |
| | | प्रस्ताव व्यवहारिक छ, तर दिगो व्यवस्थापनका लागि थप योजना आवश्यक छ। | ३ | | | |
| | | प्रस्ताव कम व्यवहारिक छ र स्पष्ट दिगोपना रणनीति छैन। | 0 | | | |
| **6** | **संस्थागत स्वमूल्याङ्कनमा वा स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणालीमा प्राप्ताङ्क** | ९० भन्दा बढी अंक प्राप्त गरेको | २० | २० | | |
| | | ७५ भन्दा बढी ९० भन्दा कम अंक प्राप्त गरेको | १५ | | | |
| | | ५० भन्दा बढी ७५ भन्दा कम अंक प्राप्त गरेको | १० | | | |
| | | ३५ भन्दा बढी ५० भन्दा कम अंक प्राप्त गरेको | ५ | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
कार्यक्रम समन्वय इकाई

| क्र.सं. | विषयक्षेत्र | मूल्याङ्कन | अंकभार | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | नवप्रवर्तन प्रयास | | | | | |
| | | ३५ भन्दा कम अंक प्राप्त गरेको | ० | | | |
| 7 | **लक्षित वर्ग वा आर्थिक सामाजिक सशक्तिकरणमा योगदान** | कम्तिमा ५० % महिला, दलित तथा अन्य सिमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लक्षित गरेर परियोजना पेश रहेको | १० | १० | | प्रस्ताव को लक्षित वर्गको वा आर्थिक सामाजिक सशक्तिकरणमा मा कार्यक्रमको आधारमा |
| | | कम्तिमा ४० % महिला, दलित तथा अन्य सिमान्तकृत प्रत्यक्ष रुपमा वर्गलाई लक्षित गरेर परियोजना पेश रहेको | ८ | | | |
| | | कम्तिमा ३० % महिला, दलित तथा अन्य सिमान्तकृत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वर्ग रहेको | ६ | | | |
| | | कम्तिमा २० % महिला, दलित तथा अन्य सिमान्तकृत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वर्ग रहेको | ४ | | | |
| | | २० % भन्दा कम महिला, दलित तथा अन्य सिमान्तकृत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वर्ग रहेको | ० | | | |
| 8 | **लैङगिक उत्तरदायी बजेट** | ३५ भन्दा बढी अंक प्राप्त गरेको | १० | १० | | |
| | | २५ भन्दा बढी ३५ भन्दा कम अंक प्राप्त गरेको | ७ | | | |
| | | १५ भन्दा बढी २५ भन्दा कम अंक प्राप्त गरेको | ५ | | | |
| | | ५ भन्दा बढी १५ भन्दा कम अंक प्राप्त गरेको | ३ | | | |
| | | ५ भन्दा कम अंक प्राप्त गरेको | ० | | | |
| | | | | | | |

| क्र.सं. | विषयक्षेत्र | मूल्याङ्कन | अंकभार | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | **नवप्रवर्तन प्रयास** | | | | | |
| **10** | **आन्तरिक राजस्व** (आन्तरिक श्रोत र राजश्व बाँडफाँड) | आन्तरिक राजश्वले चालुखर्च बचत हुने भए | २० | २० | | |
| | | चालु खर्च धान्न सक्ने मात्र भए | १० | | | |
| **11** | **गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको बेरुजु प्रतिशत** | शून्य बेरुजु | १५ | १५ | | |
| | | १% वा सो भन्दा कम भएमा | १२ | | | |
| | | १% भन्दा बढी २% सम्म | १० | | | |
| | | २% भन्दा बढी ३% सम्म | ७ | | | |
| | | ३% भन्दा बढी | ० | | | |
| | | | | | | |
| | पुर्णाङ्क | | | १०० | | |

**पूर्ण प्रस्ताव मूल्याङ्कनका आधारहरु अन्तर्गत सि.नं. नवप्रवर्तनको प्रयास सम्बन्धी विषय क्षेत्रको मूल्याङ्कन गर्दा नवप्रवर्तनका आधार देहाय बमोजिम हुनेछन्।**

१. **नवीनता**: प्रस्तावले पूर्णतया नयाँ सोचलाई उजागर गरेको छ:

(क) यस अघि कहिँ पनि अभ्यास नभएको वा स्थानीय वा प्रदेश सन्दर्भमा नयाँ भएको,

(ख) प्रस्तावले नयाँ विचार, प्रविधि वा विधि प्रस्तुत गरको,

(ग) स्थानीय वा प्रदेशका ठोस समस्या समाधानका लागि यस अघिका प्रयास भन्दा फरक र अद्वितीय रूपमा समाधान प्रदान गरेको।

२. **मौलिकता**: प्रस्तावमा मौलिक प्रविधि वा पद्धतिको प्रयोग भएको छ:

(क) बाह्य भन्दा स्थानीय स्रोत साधनमा आधारित भएको वा अधिकतम उपयोग गरेको,

(ख) स्थानीय स्तरको वस्तुगत अवस्थामा आधारित भएको वा पहिचाल भएका कुनै ठोस समस्याको समाधान सुधारमा आधारित।

(ग) स्थानीय ज्ञान र परम्परागत सीपको प्रयोग वा सो को सुधार गर्ने भएको,

(घ) स्थानीय समुदायको सांस्कृतिक र सामाजिक परिवेशसँग मेल खाएको,

३. **अनुकरण योग्य:** प्रस्तावित परियोजनालाई अन्य स्थानमा समेत अनुकरण गर्न सकिने रहेको:

(क) परियोजनालाई अन्य स्थानीय तह वा प्रदेशहरूमा हाल प्रस्तावित भन्दा कम लागत र साधन श्रोतमा लागू गर्न सकिने भएको,

(ख) परियोजना अनुकरणका लागि कार्यान्वयन प्रक्रिया र आवश्यक स्रोतसाधनहरू अनुकरण हुने अन्य स्थानहरूमा सहजै उपलब्ध भएको,

(ग) परियोजना अनुकरणका गर्दा हाल प्रस्तावित प्रविधी, प्रणाली तथा औजार नि:शुल्क वा न्यून शुल्कमा प्रयोग हुन सक्ने भएको।

४. **प्रविधिको प्रयोग**: प्रस्तावित परियोजनामा आधुनिक प्रविधि वा उपकरणको प्रयोग भएको:

(क) परियोजनामा डिजिटल वा स्वचालन प्रविधीको प्रयोग भएको,

(ख) यस्ता प्रविधीको प्रयोगले सेवा प्रदायकको दक्षता, कामको समय र गतिमा उल्लेखनीय सुधार ल्याउने सुनिश्चित भएको,

(ग) परियोजनामा प्रविधि प्रयोगकालागि प्रस्तावक सँग दीर्घकालीन सञ्चालन र मर्मतसम्भारको स्पष्ट योजना भएको।

(घ) परियोजनाले विद्यमान प्रविधि वा उपकरणको सुधार वा स्तरोन्नति गरेको छ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाण्डौ

## अनुसूची- ७

**(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)**

**सम्झौताको ढाँचा**

नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नतिजामा आधारित दुई पक्षीय सम्झौता पत्र …………क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, तथा स्थानीय शासन सवलीकरण कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझेदारी परियोजनाको माध्यमबाट प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्नको लागि------स्थानीय तह र ---प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बीच यो सम्झौता गरिएको छ।)

| | | |
|---|---|---|
| परियोजना सम्बन्धित विवरण: | | |
| परियोजनाको नाम: | | |
| कार्यान्वयन हुने स्थान: | | |
| परियोजनाको अवधि: | | |
| परियोजनाको लागत सम्बन्धी विवरण: | | |
| परियोजनाको कुल लागत: | | |
| लागत साझेदारी: | २.१ नवप्रवर्तन साझेदारी परियोजना: | |
| | २.२ स्थानीय तह.: | २.३. साझेदार संस्था: - |
| परियोजनाको लाभान्वित जनसङ्ख्या: | | |
| कुल लाभान्वित: | १.१. घरपरिवार: | १.२. जनसंख्या: |
| महिला/पुरुष: | २.१. महिला: | २.२. पुरुष: |
| | ३.२. अन्य: - | |
| समुदाय: | ३.१. दलित: - | ३.२. मुस्लिम: - |
| | ३.३. मधेसी: - | ३.४. जनजाति: - |
| | ३.५. ब्राह्मण/क्षेत्री: - | ३.६. अन्य: - |
| परियोजना सम्पर्क व्यक्ति | | |

कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

**परियोजनाबाट सञ्चालन हुने क्रियाकलापहरू:**

यस परियोजनाबाट सञ्चालन हुने क्रियाकलाप ............................. बमोजिम हुनेछ। बजेट तथा निकासा सम्बन्धी व्यवस्था: (परियोजना प्रस्ताव वमोजिम परियोजना कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम र सम्झौता अनुसारको बजेट तथा निकासाको शर्त )

स्थानीय तहले रकम माग गर्दा र स्थानीय तहलाई रकम उपलब्ध गराउदा निम्नानुसार गर्नुपर्नेछ।

| किस्ता | किस्ताको रकम निकासा/समय अवधि | कैफियत |
|---|---|---|
| पहिलो | | |
| दोस्रो | | |
| अन्तिम | | |

**सम्झौताका शर्तहरु:** (कार्यक्रमको रकमबाट सञ्चालन हुने परियोजना कार्यान्वयनको लागि हुने सम्झौताका शर्त लेख्ने)

| आवेदक स्थानीय तह, तर्फबाट | प्रदेश कार्यक्रम सहयोग इकाई, |
|---|---|
| हस्ताक्षर:<br>नाम:<br>पद:<br>मिति:<br>सम्पर्क नम्बर:<br>कार्यालयको छाप: | हस्ताक्षर:<br>नाम:<br>पद:<br>मिति:<br>सम्पर्क नम्बर:<br>कार्यालयको छाप: |
| रोहवर: | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

## अनुसूची- ८

(दफा १९ को उपदफा (४) सँग सम्बन्धित)

### अनुगमन प्रतिवेदनको ढाँचा

| | |
|---|---|
| अनुगमनमा सहभागी व्यक्तिहरूको नाम: | |
| अनुगमन गरिएको मिति: | |
| अनुगमनको उद्देश्य: | |
| अवलोकन गरिएका स्थानहरू: | |
| परियोजनाको नाम:<br>प्रदेश:<br>स्थानीय तह | |

**क) कार्य सम्पन्न तथा कार्य प्रगति विवरण:**

| क्रि. न | क्रियाकलापहरू | कुल बजेट (रु. ०००) | कार्यान्वयनको अवस्था/प्रक्रिया | अनुगमनको क्षेत्र र विधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**ख) मुख्य कार्य र समयसीमा:**

| मुख्य पूरा गर्नुपर्ने कार्यहरू | पूरा गर्नुपर्ने समयसीमा | जिम्मेवार व्यक्ति/संस्था |
|---|---|---|
| स्थानीय तहसँग समन्वय गरी बजेट विवरण संकलन गर्नु | | |
| | | |
| | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

## ग) वित्तीय प्रगति विवरण

| परियोजनाको लागत | | परियोजनाको खर्च | |
|---|---|---|---|
| कुल लागत | (रु.) | हाल सम्मको कुल खर्च | रु. |
| स्थानीय तहको लागत सहभागिता | (रु.) | स्थानीय तहको लागत सहभागिताबाट भएको खर्च | रु. |
| नवप्रवर्तन साझेदारी कार्यक्रमको लागत सहभागिता | (रु.) | नवप्रवर्तन साझेदारी कार्यक्रमबाट भएको खर्च | रु. |
| कैफियत : | | | |

## घ) अनुगमन टोलीको सुझाव:

| सिफारिश गरिएको सुझाव | मुख्य जिम्मेवार व्यक्ति/ संस्था | समय अवधि | प्राथमिकता (उच्च, मध्यम, निम्न) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**परिशिष्ट:**

- *फोटोहरू, बैठक कार्यविवरण, उपस्थिति विवरण आदि:*

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं